# वार्षिक विकास कार्यक्रम सञ्चालन तथा कार्यान्वयन कार्यविधि, २०७८

मन्त्रालय (मा.मन्त्रीस्तर) बाट स्वीकृत मिति २०७८।१०।२४

प्रस्तावनाः लुम्बिनी प्रदेशभित्र रहेका बिभिन्न पर्यटकीय स्थलहरुको संरक्षण र संवर्द्धन गर्दै नयाँ पर्यटकीय स्थलहरुको पहिचान र विकास गरी लुम्बिनी प्रदेशमा आन्तरिक तथा बाह्य पर्यटकहरु भित्र्याई स्थानीय रोजगारी प्रवर्द्धनमा सहयोग पुग्ने क्रियाकलापलाई सम्बोधन गरी लुम्बिनी प्रदेशको पर्यटन, ग्रामिण तथा शहरी विकास मन्त्रालय र मातहतका कार्यालयहरु मार्फत सञ्चालित विभिन्न निर्माणत्मक,प्रवर्द्धनात्मक तथा संरक्षणात्मक कार्यक्रमलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी रुपमा सञ्चालन गर्न वाञ्छनीय भएकाले प्रदेश सुशासन ऐन, २०७६ को दफा १३ बमोजिम लुम्बिनी प्रदेशको पर्यटन, ग्रामिण तथा शहरी विकास मन्त्रालयले यो कार्यविधि बनाई लागु गरेको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "वार्षिक विकास कार्यक्रम सञ्चालन तथा कार्यान्वयन कार्यविधि, २०७८" रहेको छ ।

(२) यो कार्यविधि लुम्बिनी प्रदेशको पर्यटन, ग्रामिण तथा शहरी विकास मन्त्रालयबाट स्विकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "अध्यक्ष" भन्नाले उपभोक्ता समितिको अध्यक्षलाई सम्झनु पर्दछ।

ख) "आयोजना" भन्नाले उपभोक्ता समितिमार्फत लागत सहभागिता गराई सञ्चालन हुनेगरी सार्वजनिक निकायको स्विकृत कार्यक्रम अनुसारको निर्माण कार्य सम्झनुपर्छ। सो शब्दले लागत साझेदारीमा सञ्चालित योजना तथा कार्यक्रमलाई समेत जनाउँछ।

ग) "उपभोक्ता" भन्नाले सम्बन्धित आयोजनास्थलमा घर वा जग्गा भएको बासिन्दा र सो कार्यक्रमबाट प्राप्त हुने सेवा उपभोग गर्ने समुदाय तथा लाभग्राही समुदाय समेतलाई सम्झनुपर्छ ।

घ) "उपभोक्ता समिति" भन्नाले आयोजनाको निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि उपभोक्ताले आफूहरू मध्येबाट गठन गरेको समिति सम्झनु पर्दछ।

ङ) "ऐन" भन्नाले सार्वजनिक खरिद ऐन,२०६३ लाई सम्झनु पर्दछ।

च) "कार्यालय" भन्नाले मन्त्रालय अन्तर्गत स्थापना भएका विषयगत कार्यालयहरु सम्झनुपर्छ।

प्रदेश सरकार
लुम्बिनी प्रदेश
ग्रामीण तथा शहरी विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी) दाङ, नेपाल

छ) "ठूला मेशिनरी तथा उपकरण" भन्नाले वातावरणलाई अत्यधिक ह्रास पुर्याउने प्रकृतिका ठूला मेशिनरी, उपकरण (बुलडोजर, रोलर, एक्साभेटर,ग्रेडर, बिटुमिन डिस्ट्रिव्युटर जस्ता) र श्रममूलक प्रविधिलाई विस्थापित गर्ने खालका मेशिनरी तथा उपकरण सम्झनु पर्दछ।

ज) "मन्त्रालय" भन्नाले लुम्बिनी प्रदेशको पर्यटन, ग्रामिण तथा शहरी विकास मन्त्रालयलाइ सम्झनुपर्छ ।

झ) "महाशाखा" भन्नाले मन्त्रालय अन्तर्गतका महाशाखाहरु सम्झनुपर्छ ।

ञ) "वडा" भन्नाले गाउँ पालिका/नगरपालिका/उपमहानगरपालिका भित्रका वडालाई सम्झनु पर्दछ।

ट) "वडा कार्यालय" भन्नाले गाउँ पालिका/नगरपालिका/उपमहानगरपालिकाका वडा कार्यालयलाई सम्झनु पर्दछ।

ठ) "श्रममूलक कार्य" भन्नाले स्थानीय स्रोत, साधन र सीप प्रयोग भई स्थानीयस्तरमा स्थानीय व्यक्तिबाट नै गराउन सकिने र सामान्य किसिमको मेशिन वा उपकरण प्रयोग गर्न सकिने तर हेभी इक्युपमेन्ट प्रयोग गर्न नपर्ने किसिमका कार्य सम्झनुपर्दछ।

ड) "स्थानीय तह" भन्नाले कार्यक्रम लागू लुम्बिनी प्रदेशका उपमहानगरपालिका,नगरपालिका वा गाउँ पालिका सम्झनुपर्छ।

ढ) "पदाधिकारी" भन्नाले उपभोक्ता समितिका अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षलाई सम्झनु पर्दछ ।

ण) "सदस्य" भन्नाले उपभोक्ता समितिका सदस्यलाई जनाउनेछ र सो शब्दले उपभोक्ता समितिका पदाधिकारीलाई समेतलाई सम्झुन पर्दछ।

त) "सम्झौता" भन्नाले आयोजनाको निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि कार्यालय र उपभोक्ता समितिबीच भएको लिखित करारनामा वा कबुलियतनामा सम्झनु पर्दछ।

थ) "सम्बन्धित निकाय" वा कार्यालय भन्नाले मन्त्रालयद्वारा वार्षिक विकास कार्यक्रम सञ्चालन तथा कार्यान्वयन गर्न तोकिएको मन्त्रालय मातहतका सरकारी निकायलाई सम्झनुपर्छ।

द) "सार्वजनिक निकाय" भन्नाले नेपाल सरकार वा प्रदेश सरकारका संवैधानिक अङ्ग, मन्त्रालय, सचिवालय, आयोग, विभाग, निर्देशनालय वा सो अन्तर्गतका अन्य जुनसुकै सरकारी निकाय वा कार्यालय तथा नेपाल सरकार वा प्रदेश सरकारले नेपाल राजपत्र एवम् प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी सार्वजनिक निकाय भनी तोकेको अन्य संस्था सम्झनुपर्छ।

...बहादुर चौधरी
मन्त्री
...शहरी विकास मन्त्रालय

## परिच्छेद–२

## उपभोक्ता समिति गठन सम्बन्धी व्यवस्था

३. **उपभोक्ता समिति गठन गर्नेः** (१) उपभोक्ता समितिको गठन सम्बन्धी सम्पूर्ण प्रकृया कार्यक्रम वा आयोजना संचालन हुने क्षेत्रको स्थानीय तहले पारित गरी लागु गरेको मापदण्ड बमोजिम हुनेछ। तर त्यस्तो उपभोक्ता समितिः-

(क) सातदेखि नौ (७ देखि ९) जना सदस्यीय हुनुपर्नेछ।

(ख) अध्यक्ष, सचिव र कोषाध्यक्षमध्ये कम्तीमा एकजना महिला अनिवार्य हुनुपर्नेछ।

(ग) सम्बन्धित स्थानीय तहमा दर्ता भएको हुनुपर्नेछ।

(घ) आयोजनाको कार्यक्षेत्र तथा सोबाट प्राप्त हुने सेवा वा लाभ एकभन्दा बढी स्थानीय तहमा प्राप्त हुने भएमा त्यस्ता आयोजनाबाट प्रत्यक्ष लाभान्वित उपभोक्ताको बाहुल्यता भएको स्थानीय तहले समन्वय गरी सोही स्थानीय तहमा उपभोक्ता समिति दर्ता गरेको हुनुपर्नेछ।

४. **कार्यविधिको पालना गर्नुपर्नेः** (१) आ.व.२०७८।७९ मा कार्यान्वयन हुने आयोजनाको निर्माण, सञ्चालन, मर्मत सम्भार कार्य गर्नको लागि गठन हुने उपभोक्ता समितिले पूर्णरुपमा यो कार्यविधिको पालना गर्नु पर्नेछ।

(२) कुल लागत रु.१ करोडसम्म भएको तथा स्थानीय सीप, श्रोत र साधन उपयोग हुने र स्थानीय स्तरमा कार्य सम्पन्न गर्न सक्ने आयोजनाको कार्यान्वयन उपभोक्ता समिति मार्फत गर्न सकिनेछ।

मा. डिल्ली बहादुर चौधरी
मन्त्री
पर्यटन, ग्रामीण तथा शहरी विकास मन्त्रालय

प्रदेश सरकार
लुम्बिनी प्रदेश
भौतिक पूर्वाधार, ग्रामीण तथा शहरी विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी) दाङ, नेपाल

## परिच्छेद-३
## कार्यान्वयन तथा ब्यवस्थापन

**५. उपयुक्त स्थानको छनौट गरिनेः** स्वीकृत वार्षिक विकास कार्यक्रममा स्थान नतोकिएका क्रियाकलापहरुको लागि मन्त्रालयबाट कार्यक्रम र स्थान नदोहोरिने गरी उपयुक्त स्थानको छनौट गरिनेछ।

क) सामुदायिक वन क्षेत्रमा पूर्वाधार सम्बन्धी कार्यहरु गर्नुपर्दा वन तथा भू-संरक्षण विभागले तयार गरेको सामुदायिक वनमा पर्यापर्यटन प्रवर्द्धन कार्यविधि, २०७५ बमोजिम सञ्चालन गरिनेछ।

ख) राष्ट्रिय वन क्षेत्रमा सञ्चालन गरिने पूर्वाधार सम्बन्धी क्रियाकलापहरु सम्बन्धित डिभिजन वन कार्यालय र राष्ट्रिय निकुञ्ज तथा संरक्षण क्षेत्रभित्रको कार्यक्रमहरु सम्बन्धित राष्ट्रिय निकुञ्ज/संरक्षण क्षेत्र कार्यालयसँग समन्वय गरी गरिनेछ ।

ग) सम्बन्धित सरोकारवाला पक्षले सम्बन्धित योजनाको लागि सर्भे, डिजाईन, नक्सा तथा लागत अनुमान तयार गर्दा सरकारी निकाय तथा नेपाल सरकारबाट मान्यता प्राप्त सेवा प्रदायक संस्थाबाट गर्न/गराउन सक्नेछ। उक्त कागजातहरु मन्त्रालय मातहतका निकायमा कार्यरत प्राविधिकबाट चेकजाँच गरी आवश्यकता अनुसार परिमार्जन गरी स्वीकृत गर्न सकिनेछ।

घ) समूहद्वारा व्यवस्थित वन क्षेत्रमा पूर्वाधार विकास सम्बन्धी कार्यक्रम सञ्चालन गर्नुपरेमा सम्बन्धित समूहको कार्य योजनामा उल्लेख भएको हुनुपर्ने, नभएमा संशोधन गरी सम्बन्धित अख्तियारवालाबाट स्वीकृत हुनु पर्नेछ। प्रदेश सरकारबाट स्वीकृत कार्यक्रमहरु कार्यान्वयन गर्ने क्रममा वन क्षेत्रको जग्गा प्रयोग गरी रुख, विरुवा हटाउन र वन क्षेत्रमा भौतिक संरचना निर्माण गर्नुपर्ने भएमा भू-स्वमित्वमा परिवर्तन नहुनेगरी २० प्रतिशतभन्दा कम छत्र घनत्व (Crown Density) भएको वन क्षेत्रको जग्गा प्रयोग गर्न प्राथमिकता दिइनेछ।

**६.आयोजना कार्यान्वयनः** (१) कार्यालयले आर्थिक वर्ष शुरु भएको १५ दिन भित्र उपभोक्ता समितिबाट संचालन हुने आयोजना, परियोजना र कार्यक्रमहरु पहिचान/छनौट गरी कार्यान्वयन कार्ययोजना बनाउनु पर्नेछ। उपभोक्ता समिति गठन पश्चात आयोजनाको ड्रईङ, डिजाईन र लागत अनुमान (नेपाली भाषामा तयार गरिएको) स्वीकृत गरी उपभोक्ता समितिलाई उपलब्ध गराउनु पर्नेछ।

(२) आयोजनाको कार्यान्वयनको लागि उपभोक्ता समिति र कार्यलयबीच अनुसूची-१ बमोजिमको ढाँचामा सम्झौता गर्नुपर्नेछ।

(३) आयोजनाको प्रकृति हेरी कार्यालयले लागत सहभागिताको ढाँचा र अनुपात (नगद वा श्रमदान वा बस्तुगत) तोक्नु पर्नेछ।

(४) कार्यालयले आयोजना,परियोजना र कार्यक्रमहरुको सम्पूर्ण विवरण समेटिने गरी अनुसूची-२ बमोजिमको आयोजना खाता उपभोक्ता समितिलाई उपलब्ध गराउनेछ। आयोजना सम्पन्न भएपछि उपभोक्ता समिति वा संस्थाले अन्तिम किस्ता माग गर्ने समयमा आयोजनाको सम्पूर्ण विवरण भरी सो खाता कार्यालयमा बुझाउनुपर्नेछ।

**७.आयोजना सम्झौताको लागि आवश्यक कागजातहरुः** (१) उपभोक्ता समितिले कार्यालयसँग सम्झौता गर्दा तपशिलमा उल्लिखित कागजातहरु पेश गर्नुपर्नेछः-

(क) उपभोक्ता समिति गठन गर्ने आम भेलाको निर्णयको प्रतिलिपि,

(ख) उपभोक्ता समितिका सदस्यहरुको नागरिकताको प्रतिलिपि,

(ग) आयोजनाको लागत अनुमान विवरण,

(घ) उपभोक्ता समितिबाट सम्झौताको लागि जिम्मेवार पदाधिकारी तोकिएको उपभोक्ता समितिको निर्णय,

(ङ) आयोजना कार्यान्वयनको कार्य तालिका,

(च) खाता सञ्चालन गर्ने पदाधिकारी तोकिएको निर्णय र खाता सञ्चालनको लागि आवश्यक कागजातहरु,

(छ) स्थानीय तहले उपभोक्ता समिति गठन र सञ्चालन सम्बन्धमा पारित गरेको मापदण्ड वा कार्यविधिको प्रमाणित प्रतिलिपि,

(ज) सम्बन्धित स्थानीय तहमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि।

**८.उपभोक्ता समितिको सहभागितः** उपभोक्ता समितिले पुऱ्याउनुपर्ने योगदान हकमा यसै कार्यविधिको अनुसूची-३ मा उल्लेख भए बमोजिम हुनेछ।

**९. उपभोक्ता समितिको क्षमता विकासः** (१) कार्यालयले आयोजनाको कार्यान्वयन अगावै उपभोक्ता समितिका पदाधिकारीहरुलाई निम्न विषयमा अभिमुखीकरण गर्नु पर्नेछः

(क) उपभोक्ता समितिको काम, कर्तब्य र अधिकार,

(ख) सम्पादन गर्नु पर्ने कामको विवरण, काम सम्पन्न गर्नुपर्ने अवधि, लागत र उपभोक्ताको योगदान,

(ग) निर्माण सामग्रीको गुणस्तर र परिमाण,

(घ) खरिद, रकम निकासा प्रकृया, खर्चको लेखाङ्कन र अभिलेख व्यवस्थापन,

(ङ) कार्यान्वयन र अनुगमन प्रकृया,

(च) सार्वजनिक परीक्षण, योजनाको फरफारक र हस्तान्तरण,

(छ) अन्य आवश्यक विषयहरु।

**१०. खाता सञ्चालनः** (१) उपभोक्ता समितिको खाता कार्यालयले तोकेको बैंकमा सञ्चालन हुनेछ।

(२) समितिको खाता अध्यक्ष, कोषाध्यक्ष र सचिव गरी तीन जनाको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ। खाता सञ्चालकहरु मध्ये कम्तिमा एकजना महिला हुनु पर्नेछ।

**११. भुक्तानी प्रकृया:**(१) आयोजनाको भुक्तानी दिँदा उपभोक्ता समितिको नाममा रहेको बैक खातामार्फत दिनु पर्नेछ। उपभोक्ता समितिले एक व्यक्ति वा सस्थालाई एकलाख भन्दा माथिको रकम भुक्तानी गर्दा चेक मार्फत मात्र गर्नु पर्नेछ।

(२) उपभोक्ता समितिलाई सम्झौता बमोजिमको कामको प्राविधिक मूल्याङ्कन, कार्य सम्पन्न प्रतिवेदन र अन्य आवश्यक कागजातको आधारमा किस्तागत र अन्तिम भुक्तानी दिइनेछ।

(३) उपभोक्ता समितिले सम्पादन गरेको काम र भएको खर्चको विवरण समितिको बैठकबाट निर्णय गरी भुक्तानीको लागि आवश्यक कागजात सहित कार्यालयमा पेश गर्नुपर्नेछ।

(४) आयोजनाको अन्तिम भुक्तानी हुनु भन्दा अगावै कार्यालयबाट अनुगमन गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(५) आयोजना सम्पन्न भई फरफारक गर्नु भन्दा अगावै उपभोक्ता समितिले अनिवार्य रुपमा कार्यालयको प्रतिनिधिको रोहवरमा सार्वजनिक परीक्षण गर्नु पर्नेछ। सार्वजनिक परीक्षण प्रतिवेदनको ढाँचा अनुसूची-४ बमोजिम हुनेछ।

(६) उपभोक्ता समितिले आफूले प्रत्येक किस्तामा गरेको खर्चको सूचना अनुसूची-५ बमोजिमको ढाँचामा सार्वजनिक गर्नु पर्नेछ।

(७) कुल लागत रु. ३ लाखभन्दा बढी भएका आयोजनाहरुको हकमा उपभोक्ता समितिले काम शुरु गर्नुभन्दा अगावै आयोजनाको नाम, लागत, लागत साझेदारीको अवस्था, काम शुरु र सम्पन्न गर्नु पर्ने अवधि समेत देखिने गरी तयार गरिएको अनुसूची-६ बमोजिमको ढाँचामा आयोजना सूचना पाटी आयोजना स्थलमा राख्नु पर्नेछ।

(८) उपभोक्ता समितिलाई सम्बन्धित कार्यालयले ड्रइङ्ग, डिजाइन, लागत अनुमान तयार गर्ने, प्राविधिक सल्लाह दिने, जाँचपास गर्ने लगायत अन्य प्राविधिक सहयोग उपलब्ध गराउनेछ। आयोजना कार्यान्वयनको समयमा कुनै कारणबाट कार्यालयले प्राविधिक सेवा उपलब्ध गराउन नसकेमा सम्झौतामा उल्लेख गरी तोकिएको खर्चको सीमाभित्र रही उपभोक्ता समितिले करारमा प्राविधिक नियुक्त गर्न वा प्राविधिक सेवा लिन सक्नेछ। तर, ड्रइङ्ग, डिजाइन, लागत अनुमान, कार्यसम्पन्न प्रतिवेदन र भुक्तानी सिफारिसको कार्य कार्यालयबाट नै हुनेछ।

१२. **निर्माण कार्यको गुणस्तर कायम गर्नेः** उपभोक्ता समितिबाट निर्माण हुने आयोजनाहरूको गुणस्तर कायम गर्ने गराउने दायित्व सम्बन्धित प्राविधिक कर्मचारी, उपभोक्ता समिति र अनुगमन समितिको हुनेछ।

**१३.निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्नु पर्नेः** उपभोक्ता समितिबाट सञ्चालन हुने आयोजना गुणस्तर सुनिश्चित गर्नु सम्वन्धित उपभोक्ता समितिको कर्तव्य हुनेछ। गुणस्तर सुनिश्चितता गर्नको लागि अन्य कुराको अतिरिक्त निम्न विषयहरु पूर्ण रुपमा पालना गर्नु पर्नेछ।

(क) निर्माण सामग्रीको गुणस्तरः निर्माण सामग्री गुणस्तर तोकिए बमोजिम कायम गर्नु पर्नेछ।

(ख) निर्माण विधि र प्रकृयाको गुणस्तरः निर्माण विधि र प्रकृया कार्यालयसँग भएको सम्झौता बमोजिम गर्नु पर्नेछ।

(ग) निर्माण कार्यको दिगोपनाः उपभोक्ता समितिबाट कार्यान्वयन भएको योजनाको दिगोपनाको लागि सम्वन्धित उपभोक्ता समितिले आवश्यक मर्मत संभारको व्यवस्था गर्नु पर्नेछ।

१४. **उपभोक्ता समितिको दायित्वः** उपभोक्ता समितिले कार्यालयसँग भएको सम्झौता बमोजिमको कार्य सम्पादन गर्दा कार्यालयले तोकेका शर्तहरुको अतिरिक्त निम्न दायित्व वहन गर्नु पर्नेछ।

(क) आयोजनाको दिगो व्यवस्थापनको लागि मर्मत सम्भार गर्ने सम्बन्धी आवश्यक कार्य,

(ख) आयोजना कार्यान्वयनबाट वातावरणमा पर्ने सक्ने क्षतिको न्यूनीकरण गर्दै वातावरणीय सन्तुलन कायम गर्ने सम्बन्धी कार्य,

(ग) अन्य आयोजनाहरुसँग अन्तरसम्बन्ध कायम गर्नुपर्ने,

(घ) असल नागरिकको आचरण पालना गर्नुपर्ने,

(ङ) उपभोक्ता समितिले आयोजनाको फरफारकको लागि कार्यालयमा कागजात पेश गर्दा अनुसूची-७ बमोजिमको ढाँचामा आयोजनाको भौतिक तथा वित्तिय प्रगति प्रतिवेदन पेश गर्नु पर्नेछ।

१५. **अनुगमन समितिको व्यवस्थाः** (१) आयोजना तोकिएको गुणस्तर, परिमाण र समयमा सम्पन्न गर्न गराउन उपभोक्ता समितिले सम्पादन गर्ने कार्यको अनुगमन गरी आयोजनाको गुणस्तर, परिमाण सुनिश्चित गर्न उपभोक्ता समिति गठन गर्न बोलाइएको भेलाबाट कम्तिमा एक जना महिला सहित ३ सदस्यीय एक अनुगमन समिति गठन गर्नु पर्नेछ।

(२) अनुगमन समितिको काम, कर्तव्य अधिकार देहाय बमोजिम हुनेछः

(क) आयोजनाको कार्यान्वयनमा सहजीकरण गर्ने तथा देखिएका बाधा, व्यवधान र समस्या समाधानका लागि आवश्यक समन्वय गर्ने,

प्रदेश सरकार
लुम्बिनी प्रदेश
पर्यटन, ग्रामीण तथा शहरी विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी) दाङ, नेपाल

(ख) आयोजनाको कार्यान्वयन कार्यतालिका अनुसार काम भए नभएको यकीन गर्ने र नगरेको पाइएमा सम्बन्धित पक्षलाई सचेत गराउने,

(ग) आवश्यक अन्य कार्य गर्ने।

१६.लगत राख्नु पर्नेः उपभोक्ता समितिबाट हुने कामको सम्झौता बमोजिमको समय, लागत र गुणस्तरमा सम्पन्न हुन नसकेमा कार्यालयले सम्वन्धित प्राविधिक कर्मचारीलाई सचेत गराउने र प्रकृति हेरी आवश्यकता अनुसार कारवाही गर्न सक्नेछ। साथै कार्यालयले त्यस्ता उपभोक्ता समितिको लगत राखी उपभोक्ता समितिका पदाधिकारीलाई निश्चित समयसम्मको लागि अन्य उपभोक्ता समितिमा रही काम गर्न निषेध गर्नेछ।

मा. डिल्ली बहादुर चौधरी
मन्त्री
पर्यटन, ग्रामीण तथा शहरी विकास मन्त्रालय

## परिच्छेद- ४

## वार्षिक विकास कार्यक्रम सञ्चालन,सहभागी तथा छनौटको आधार(पर्यटन तर्फ)

**१८.सीप विकास तथा तालिम र गोष्ठीः**

यस कार्यक्रमको मूल उद्देश्य पर्यटन क्षेत्रमा काम गर्ने जनशक्तिको क्षमता विकासमार्फत प्रादेशिक पर्यटन क्षेत्रको विकासमा टेवा पुऱ्याउने रहेको छ। यस कार्यक्रम अन्तर्गत निम्न क्रियाकलापहरु सञ्चालन गरिनेछ।

| क्र.स | तालिमको नाम | सहभागी तथा छनौटको आधार |
|---|---|---|
| १ | होटल तथा रेष्टुरेन्टहरुलाई तालिम (नेपाल होटल व्यवसायी महासंघको सहकार्यमा) (उद्यमशीलता, रोजगारीमूलक/सशक्तीकरण/सीप विकास तथा क्षमता अभिबृद्धि तालिम)। | यस प्रदेशभित्र रहेका पर्यटकस्तरीय होटल तथा रेष्टुरेण्टहरुमा कार्यरत कर्मचारी, पथप्रदर्शक होमस्टे व्यवस्थापक तथा होमस्टेमा कार्यरत कर्मचारी एवम् अन्य सरोकारवालाहरु। |
| २ | होमस्टे व्यवस्थापन तालिम तथा भ्रमण (उद्यमशीलता, रोजगारीमूलक/सशक्तीकरण/सीप विकास तथा क्षमता अभिबृद्धि तालिम)। | यस प्रदेशभित्र रहेका होमस्टे व्यवस्थापक तथा होमस्टेमा कार्यरत कर्मचारी एवम् अन्य सरोकारवालाहरु। |
| ३ | टुरिष्ट गाइड तालिम (संग्रहालय तिलौराकोट, लुम्बिनी क्षेत्र, बाँके राष्ट्रिय निकुञ्ज र बर्दिया राष्ट्रिय निकुञ्ज (उद्यमशीलता, रोजगारी मूलक/सशक्तीकरण/सीप विकास तथा क्षमता अभिबृद्धि तालिम)। | यस प्रदेशभित्र रहेका ट्राभल एण्ड ट्रेकिङ्ग ऐजेन्सी,पथप्रदर्शक, पर्यटकस्तरीय होटल तथा रेष्टुरेण्टहरुमा कार्यरत कर्मचारी र होमस्टे व्यवस्थापक तथा होमस्टेमा कार्यरत कर्मचारी एवम् अन्य सरोकारवालाहरु। |
| ४ | लुम्बिनी क्षेत्रको माटो र पानी प्रयोग गरी बुद्धको मूर्ति लगायतको कोशेलीहरु तयार गर्ने उद्योग स्थापना सम्बन्धमा गोष्ठी (उद्यमशीलता, रोजगारी मूलक/सशक्तीकरण/सीप विकास तथा क्षमता अभिबृद्धि तालिम)। | लुम्बिनी क्षेत्र वरपरका समुदाय, सम्बन्धित स्थानीय तह, कोशेली निर्माण व्यवसायी,उद्योगी,अन्य सरोकारवालाहरु। |
| ५ | होटल रेष्टुरेन्ट व्यवसायीसँग गोष्ठी/अन्तरक्रिया (गोष्ठी तथा कार्यशाला)। | यस प्रदेशभित्र रहेका पर्यटकस्तरीय होटल तथा रेष्टुरेण्ट व्यवसायी र पर्यटकस्तरीय होटल तथा रेष्टुरेण्टहरुमा कार्यरत व्यवस्थापक, कर्मचारी र होमस्टे व्यवस्थापक तथा होमस्टेमा कार्यरत कर्मचारी एवम् अन्य सरोकारवालाहरु। |
| ६ | ट्राभल एजेन्सीसँग गोष्ठी/अन्तरक्रिया (गोष्ठी तथा कार्यशाला)। | यस प्रदेशभित्र रहेका ट्राभल एजेन्सी र अन्य सरोकारवालाहरु। |

| | | |
|---|---|---|
| ७ | पर्यटकीय सुरक्षा सम्बन्धमा सुरक्षा निकायहरुसँग गोष्ठी/अन्तरक्रिया (गोष्ठी तथा कार्यशाला)। | यस प्रदेशभित्र रहेका ट्राभल एण्ड ट्रेकिङ्ग ऐजेन्सी, पथप्रदर्शक, पर्यटकस्तरीय होटल तथा रेष्टुरेण्टहरुमा कार्यरत कर्मचारी र होमस्टे व्यवस्थापक तथा होमस्टेमा कार्यरत कर्मचारी,पर्यटक प्रहरी, सुरक्षा निकाय र अन्य सरोकारवालाहरु। |

**उल्लिखित कार्यक्रम सम्पन्न भएपश्चात् प्रगति प्रतिवेदन पेश गर्दा समावेश गरिने विषयहरुः**

क. कार्यक्रमको उद्देश्य,

ख. छलफल र तालिमका विषयवस्तु,

ग. कार्यक्रम सञ्चालन भएको स्थान, अवधि र मिति देखिने ब्यानर, सहभागीको फोटो तथा अन्य दृश्यहरु,

घ. अवलोकन भ्रमण गरिएका स्थान, भ्रमणमा भएका छलफलका विषयवस्तु र निर्णय भएको भए सो निर्णय,

ङ. कार्यक्रमको बजेट, भौतिक प्रगति र वित्तीय प्रगति,

च. प्रत्येक तालिमका सहभागीहरुको नाम, ठेगाना समेतको अभिलेख।

छ. प्रदेश पर्यटनको विकासका लागि प्रत्येक सहभागीले खेल्ने भूमिका र योगदान (सहभागीको स्वघोषणा)

**१९. पर्यटन प्रचार प्रसार, मेला र खाना महोत्सवः**

यस कार्यक्रमको मूल उद्देश्य प्रदेशभित्र आन्तरिक र बाह्य पर्यटकहरुलाई आकर्षित गर्नु, प्रचारप्रसार तथा आयआर्जन र रोजगारी सिर्जनामा टेवा पुर्‍याउनु रहेको छ। यस अन्तर्गत निम्न क्रियाकलापहरु सञ्चालन गरिनेछ।

| क्र.स. | कार्यक्रमको नाम | कार्यक्रम सञ्चालन आधार |
|---|---|---|
| १ | आन्तरिक पर्यटन प्रचार प्रसार कार्यक्रम | प्रचार प्रसार सम्बन्धी कार्य गर्ने स्थानीय एवम् केन्द्रीय रेडियो, टेलिभिजन र पत्रपत्रिका तथा सामाजिक सञ्जाल। |
| २ | पर्यटन सम्बन्धी मेला महोत्सव दिवस (प्रचार प्रसार तथा सामग्री उत्पादन तथा प्रकाशन र वितरण) | संघ र यस प्रदेशभित्र रहेका विभिन्न जात जातिका भेषभुषा, रहनसहन, कला संस्कृति झल्किने क्रियाकलाप, यस क्षेत्रका पर्यटकीय गन्तव्य, ऐतिहासिक किल्ला र गढीसँग सम्बन्धित क्रियाकलापहरु। |
| ३ | विभिन्न जातजातिको खाना/सँस्कृति (मगर, अवधि, खस आर्य............आदि) (मेला आयोजना तथा दिवस) | विभिन्न जातजातिको खाना तथा परम्परागत खाना/संस्कृति र पहिचान झल्किने गरी लागत सहभागितामा आवश्यकीय सहयोग र खाना तथा खाद्य सामग्रीको प्रचार प्रसार। |

उल्लिखित कार्यक्रम सम्पन्न भएपश्चात् प्रगति प्रतिवेदन पेश गर्दा समावेश गरिने विषयहरुः

क. कार्यक्रमको उद्देश्य,

ख. छलफल र तालिमका विषयवस्तु,

ग. कार्यक्रम सञ्चालन भएको स्थान, अवधि र मिति देखिने ब्यानर,सहभागीको फोटो तथा अन्य दृश्यहरु,

घ. अवलोकन भ्रमण गरिएका स्थान, भ्रमणमा भएका छलफलका विषयवस्तु र निर्णय भएको भए सोको निर्णय,

ङ. कार्यक्रमको बजेट, भौतिक प्रगति र वित्तीय प्रगति,

च. प्रत्येक तालिमका सहभागीहरुको नाम, ठेगाना समेतको अभिलेख,

छ. प्रदेशको पर्यटन विकासको लागि प्रत्येक सहभागीले खेल्ने भूमिका र योगदान,(सहभागीको स्वघोषणा)

ज. आगामी कार्यक्रमका लागि कार्यजिम्मेवारी सहितको विस्तृत कार्ययोजना।

**२०. पर्यटन प्रवर्द्धन र विकास कार्यक्रमः**

यस कार्यक्रमको मूल उद्देश्य प्रदेशभित्र आन्तरिक र बाह्य पर्यटकहरुलाई आकर्षित गर्नु रहेको छ। यस अन्तर्गत निम्न क्रियाकलापहरु सञ्चालन गरिनेछ।

क).पर्यटन प्रवर्द्धन डकुमेन्ट्री निर्माणः-

यसमा डकुमेन्ट्री तयारीको लागि कार्यक्षेत्रगत शर्त तयार गर्ने, लागत अनुमान तयारी गर्ने र प्रचलित कानून बमोजिम प्राप्त प्रस्तावहरु मूल्याङ्कन गरी परामर्शदाता छनौट गरी सेवा प्रदायकहरुमार्फत कार्यसम्पादन गरिनेछ।

ख).यसमा सामग्री तयार गरी र दररेट माग गरी ब्रोसर र टुरिष्ट गाइड छपाइ तथा वितरणको काम गरिनेछ। त्यसैगरी प्रचार प्रसारको लागि टेलिभिजन, स्थानीय F.M., पत्रपत्रिका, फेसबुक लगायत सामाजिक सञ्जालको प्रयोग गरी पर्यटकीय गन्तव्यहरुको प्रचार प्रसार गरिनेछ।

उल्लिखित कार्यक्रमहरु मन्त्रालय र अन्तर्गत कार्यालयमार्फत प्रचलित कानून बमोजिम सेवा प्रदायकद्वारा गर्न सकिनेछ।

**२१. साँस्कृतिक ग्राम निर्माणः**

यस कार्यक्रमको मूल उद्देश्य प्रदेशभित्रका विभिन्न जातजाति र धर्मविशेष सम्प्रदायहरु जस्तैः मुस्लिम, खस/आर्य, अवध, मगर र थारु साँस्कृतिक ग्राम निर्माण गर्नु रहेको छ। यस्ता खालका कार्यक्रमहरुमा अवधारणापत्र तयार गरेको हुनुपर्नेछ।

उल्लिखित कार्यक्रम सञ्चालन गर्दा गुरुयोजना वा विस्तृत परियोजना प्रतिवेदन तयार गरी प्रतिवेदनले तोकेको प्राथमिकताका आधारमा सम्बन्धित सरोकारवालाहरुको सहभागितामा क्रियाकलापहरु छनौट गरेर लागत अनुमान तयार गरी कानून बमोजिम बोलपत्र/दरभाउपत्र वा उपभोक्ता समितिमार्फत कार्यान्वयन गरिनेछ। गुरुयोजना वा विस्तृत परियोजना प्रतिवेदन तयार नभएको हकमा सर्भे, डिजाइन, लागत अनुमान तयार गरी माथि उल्लेख गरेबमोजिम कार्यान्वयन गरिनेछ।



बहादुर चौधरी

प्रदेश सरकार
लुम्बिनी प्रदेश
भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी) दाङ, नेपाल

उपर्युक्त कार्यक्रम कार्यान्वयन गर्दा नियमित अनुगमन गर्ने, होर्डिङ बोर्डको व्यवस्थापन गर्ने, वन क्षेत्रको हकमा सम्बन्धित स्वीकृत कार्ययोजनालाई आधार बनाउने वा माथिल्लो निकायबाट स्वीकृति लिने जस्ता विषयहरुलाई ध्यान दिनु पर्नेछ। कार्य सम्पन्नपश्चात् सेवा सञ्चालनको निरन्तरता हुने र यस्ता सार्वजनिक सम्पत्तिहरु संरक्षणको समेत सुनिश्चितता हुनेगरी सम्बन्धित संस्था वा निकायलाई हस्तान्तरण गर्नुपर्नेछ।

कार्य सम्पन्न पश्चात् प्रगति प्रतिवेदनमा कार्य गर्नुपूर्व र कार्य सम्पन्न पश्चातको फोटो, लोकेशन, रोजगारी सिर्जना र खर्च रकम साथै गरेको कामको छोटो विवरण आदि उल्लेख गर्नुपर्नेछ।

२२. ताल/सिमसार/झरना/पोखरी/गुफाहरुको विकास र प्रवर्द्धन कार्यक्रमः

यस कार्यक्रमको मूल उद्देश्य वातावरणीय एवम् पारिस्थितिकीय सन्तुलन जोगाइराख्नु, पर्यापर्यटनलाई बढावा दिन र पर्यटक आकर्षणमा योगदान पुऱ्याउनु रहेको छ।

उल्लिखित कार्यक्रम सञ्चालन गर्दा गुरुयोजना वा विस्तृत परियोजना प्रतिवेदन तयार भएको हकमा योजना वा प्रतिवेदनले तोकेको प्राथमिकताका आधारमा सम्बन्धित सरोकारवालाहरुको सहभागितामा क्रियाकलापहरु छनौट गरेर लागत अनुमान तयार गरी कानून बमोजिम बोलपत्र/दरभाउपत्र वा उपभोक्ता समितिमार्फत कार्यान्वयन गर्नुपर्नेछ। गुरुयोजना वा विस्तृत परियोजना प्रतिवेदन तयार नभएको हकमा सर्भे, डिजाइन, लागत अनुमान तयार गरी माथि उल्लेख गरेबमोजिम गरिनेछ।

उपर्युक्त कार्यक्रमहरु कार्यान्वयन गर्दा नियमित अनुगमन गर्ने, होर्डिङ बोर्डको व्यवस्थापन गर्ने जस्ता विषयलाई ध्यान दिनु पर्नेछ। कार्य सम्पन्न पश्चात् सेवा सञ्चालनमा निरन्तरता दिने र यस्ता सार्वजनिक सम्पत्तिहरु संरक्षणको समेत सुनिश्चितता हुनेगरी सम्बन्धित संस्था वा निकायलाई हस्तान्तरण गर्नुपर्नेछ।

कार्य सम्पन्न पश्चात् प्रगति प्रतिवेदनमा कार्य गर्नुपूर्व र कार्य सम्पन्न पश्चातको फोटो, लोकेशन, रोजगारी सिर्जना र खर्च रकम साथै गरेको कामको छोटो विवरण आदि उल्लेख गर्नुपर्नेछ।

२३. पर्यटकीय सूचना केन्द्र निर्माण र व्यवस्थापनः

यस कार्यक्रमको मूल उद्देश्य प्रदेशको पर्यटकीय गन्तव्यहरुको जानकारी, भौगोलिक अवस्था तथा साँस्कृतिक पहिचान, वन र वन्यजन्तु सम्बन्धी जानकारी लगायतका कुराहरु सूचना केन्द्रमा राखी नेपाल प्रवेश गर्ने पर्यटकहरु, आन्तरिक पर्यटक र पर्यटन सम्बद्ध व्यक्ति तथा निकायलाई सरल र सहज ढङ्गले यथेष्ट सूचनाहरु प्रदान गर्नु रहेको छ।

उल्लिखित कार्यक्रम सञ्चालन गर्दा सर्वे, डिजाइन, लागत अनुमान तयार गरी प्रचलित कानून बमोजिम कार्यान्वयन गर्नुपर्नेछ। यी कार्यक्रमहरुमा आवश्यकता अनुसार निम्न क्रियाकलापहरु गर्न सकिनेछ।

क. डिजिटल सूचना प्रणालीको छनौट,स्वीकृती र स्थापना,

ख. प्रदेशभित्रका महत्वपूर्ण पर्यटकीय गन्तव्य स्थल तथा पदमार्गहरुको जानकारी एवम् तस्बीर,

ग. आर्थिक, सामाजिक, साँस्कृतिक जानकारीसहित जिल्ला र प्रदेशको पहिचान झल्कने तस्बीर,

घ. प्रदेशमा भित्रिने आन्तरिक र बाह्य पर्यटकको तथ्याङ्क, स्मार्ट टी.भी., निःशुल्क इन्टरनेट, टिकट काउण्टर,

ङ. सूचना केन्द्रको भवन निर्माण तथा मर्मतसम्भार,

च. खानेपानी तथा शौचालयको प्रबन्ध,

छ. पर्यटकलाई आराम गर्ने स्थान, चिया, कफी तथा सामान्य नास्ता/खाजा खाने सुविधा,

ज. सवारी पास तथा प्रवेशाज्ञा सम्बन्धी जानकारी प्रदान गर्ने, Green Sticker दिने,

झ. यस्तै प्रकारका अन्य क्रियाकलापहरु।

२४. पार्क/उद्यान/गार्डेन/ल्याप्टिङ निर्माण र विकास कार्यक्रमः

यस कार्यक्रमको मूल उद्देश्य भएका पार्क र उद्यानहरुको स्तरोन्नति र नयाँ पार्क/उद्यानहरुको निर्माण गरी आन्तरिक र बाह्य पर्यटक आकर्षित गर्नु रहेको छ।

उल्लिखित कार्यक्रम सञ्चालन गर्दा गुरुयोजना वा विस्तृत परियोजना प्रतिवेदन तयार भएको हकमा योजना वा प्रतिवेदनले तोकेको प्राथमिकताका आधारमा सम्बन्धित सरोकारवालाहरुको सहभागितामा क्रियाकलापहरु छनौट गरेर लागत अनुमान तयार गरी कानून बमोजिम बोलपत्र/दरभाउपत्र वा उपभोक्ता समितिमार्फत कार्यान्वयन गर्नुपर्नेछ। गुरुयोजना वा विस्तृत परियोजना प्रतिवेदन तयार नभएको हकमा सर्भे, डिजाइन, लागत अनुमान तयार गरी माथि उल्लेख गरेबमोजिम गरिनेछ। यी कार्यक्रमहरुमा आवश्यकता अनुसार निम्न क्रियाकलापहरु गर्न सकिनेछ।

क. सरोकारवालाहरुसँगको छलफल र समन्वयमा कार्यक्रमगत पर्यटकीय पार्क उद्यानहरुको निर्माण स्तरोन्नति,

ख. बाटिका निर्माण र स्तरोन्नति,

ग. सिँढी, फुट ट्रेल निर्माण र मन्दिरमा पार्क निर्माण तथा बाल उद्यान निर्माण,

घ. पहुँच मार्ग नेट वायर समेतको लाइभ फेन्सिङ तथा गार्डेनिङ,

ङ. परिसरमा आवश्यकतानुसार सोलार बिजुली र पानीको व्यवस्था, सूचना केन्द्र निर्माण,

च. शेड हाउस, मनोरञ्जन स्थल, शौचालय आदि निर्माण,

छ. सुगन्धित र सजावट प्रजातिका फूलबारी एवम् सदाबहार रुख बिरुवा रोपण, फलफूलको बगैचा निर्माण।

उल्लिखित क्रियाकलाप सञ्चालन गर्दा नियमित अनुगमन गर्ने, होर्डिङ बोर्डको व्यवस्थापन गर्ने जस्ता विषयहरुलाई ध्यान दिनुपर्नेछ। कार्य सम्पन्न पश्चात् सेवा सञ्चालनमा निरन्तरता दिने र यस्ता सार्वजनिक सम्पत्तिहरु संरक्षणको समेत सुनिश्चितता हुनेगरी सम्बन्धित संस्था वा निकायलाई हस्तान्तरण गर्नुपर्नेछ। यस्ता पार्कहरु निर्माण गर्दा वातावरणमैत्री हिसाबले गराउनु पर्नेछ। पूर्वाधार निर्माण गर्दा पार्कको कूल क्षेत्रफलको एक चौथाइमा नबढाई गर्नुपर्नेछ। अन्य तीन चौथाइ क्षेत्रफलमा सुगन्धित र सजावट प्रजातिका फूलवारी एवम् सदाबहार रुख बिरुवा लगाई हरियाली तथा रमणीय पार्कको रुपमा विकास गर्नुपर्नेछ। वातावरणीय दृष्टिकोणले सकभर कंक्रिटको प्रयोग कम गर्नु उपयुक्त हुन्छ।

कार्य सम्पन्नपश्चात् प्रगति प्रतिवेदनमा कार्य गर्नुपूर्व र कार्य सम्पन्न पश्चात्को फोटो, लोकेशन, नक्शा क्षेत्रफल, रोजगारी सिर्जना र खर्च रकम साथै गरेको कामको छोटो विवरण, आदि उल्लेख गर्नुपर्नेछ।

२५. र्‍याफ्टिङ निर्माण र विकास कार्यक्रमः

यस कार्यक्रमको मूल उद्देश्य साहसिक पर्यटन (जलयात्रा) लाई प्रोत्साहन गरी आन्तरिक र बाह्य पर्यटक आकर्षित गर्नु रहेको छ।

उल्लिखित कार्यक्रम सञ्चालन गर्दा गुरुयोजना वा विस्तृत परियोजना प्रतिवेदन तयार भएको हकमा योजना वा प्रतिवेदनले तोकेको प्राथमिकताका आधारमा सम्बन्धित सरोकारवालाहरुको सहभागितामा क्रियाकलापहरु छनौट गरेर लागत अनुमान तयार गरी कानून बमोजिम बोलपत्र/दरभाउपत्र वा उपभोक्ता समितिमार्फत कार्यान्वयन गर्नुपर्नेछ। गुरुयोजना वा विस्तृत परियोजना प्रतिवेदन तयार नभएको हकमा सर्भे, डिजाइन, लागत अनुमान तयार गरी माथि उल्लेख गरेबमोजिम गरिनेछ। यी कार्यक्रमहरुमा आवश्यकता अनुसार निम्न क्रियाकलापहरु गर्न सकिनेछ।

क. सरोकारवालाहरुसँगको छलफल र समन्वयमा साहसिक पर्यटन(जलयात्रा)लाई प्रोत्साहन गरी आन्तरिक र बाह्य पर्यटनलाई आकर्षित गर्नु रहेको छ।

ख. साहसिक पर्यटन (जलयात्रा) मार्फत पर्यटनको विकास र प्रर्वद्धन गर्न आवश्यक सामग्री खरिद तथा वितरण।

उल्लिखित क्रियाकलाप सञ्चालन गर्दा नियमित अनुगमन गर्ने, होर्डिङ बोर्डको व्यवस्थापन गर्ने जस्ता विषयहरुलाई ध्यान दिनुपर्नेछ। कार्य सम्पन्न पश्चात् सेवा सञ्चालनमा निरन्तरता दिने र यस्ता सार्वजनिक सम्पत्तिहरु संरक्षणको समेत सुनिश्चितता हुनेगरी सम्बन्धित संस्था वा निकायलाई हस्तान्तरण गर्नुपर्नेछ। यस्ता कार्यहरु गर्दा वातावरणमैत्री हिसाबले गराउनु पर्नेछ।

कार्य सम्पन्नपश्चात् प्रगति प्रतिवेदनमा कार्य गर्नुपूर्व र कार्य सम्पन्न पश्चात्को फोटो, लोकेशन, नक्शा क्षेत्रफल, रोजगारी सिर्जना र खर्च रकम साथै गरेको कामको छोटो विवरण, आदि उल्लेख गर्नुपर्नेछ।

२६. पदमार्ग निर्माण, स्तरोन्नति तथा मर्मत र सुधारः

यस कार्यक्रमको मूल उद्देश्य पदमार्गहरुको स्तरोन्नति, सुधार तथा निर्माण गरी सुरक्षित एवम् आकर्षक बनाई पर्यटन प्रवर्द्धनमा सहयोग पुर्‍याउनु रहेको छ

उल्लिखित कार्यक्रम सञ्चालन गर्दा गुरुयोजना वा विस्तृत परियोजना प्रतिवेदन तयार भएको हकमा योजना वा प्रतिवेदनले तोकेको प्राथमिकताका आधारमा सम्बन्धित सरोकारवालाहरुको सहभागितामा क्रियाकलापहरु छनौट गरेर लागत अनुमान तयार गरी कानून बमोजिम बोलपत्र/दरभाउपत्र वा उपभोक्ता समितिमार्फत कार्यान्वयन गर्नुपर्नेछ। गुरुयोजना वा विस्तृत परियोजना प्रतिवेदन तयार नभएको हकमा सर्भे, डिजाइन, लागत अनुमान तयार गरी माथि उल्लेख गरेबमोजिम गरिनेछ। यी कार्यक्रमहरुमा आवश्यकता अनुसार निम्न क्रियाकलापहरु गर्न सकिनेछ।

क. पर्यटक पदमार्ग स्तरोन्नति सुधार तथा निर्माण कार्यक्रम अन्तर्गत मेसिन प्रयोग नगरी पैदल मार्गको छेउ भित्तामा अस्वभाविक रुपमा बढेका बाटो, अवरोध गरेका झाडी, बुट्यान, काँडा, ढुङ्गा, चट्टान बाटोबाट पन्छाउने,

ख. आवश्यकतानुसार इन्जिनियरिङ्ग डिजाइन गरी भिरालोपनको ग्रेड मिलाउने, वर्षातको भेल पानी तर्काउने नाली निर्माण गर्ने, बाटो समथर पार्ने, ढुङ्गा छाप्ने, उकाली ओरालीमा ढुंगा छापी सिंढी बनाउने,

ग. स-साना खोल्सा खोल्सीमा कल्भर्ट बनाउने र ढुङ्गा छाप्ने,

घ. विश्राम गृह बनाउने, स्वच्छ खानेपानीको व्यवस्था गर्ने, शौचालय निर्माण गर्ने, ठाउँ-ठाउँमा पर्यटकलाई आवश्यक पर्ने जानकारीसहित समय दूरीको दिशा निर्देश गर्ने सूचना पाटी वा साइन बोर्ड राख्ने,

ङ. आवश्यकता अनुसार बिजुली बत्तीको व्यवस्था समेत गर्ने,

च. बाटोको दुबै तर्फ सम्भव भएसम्म खाली स्थानमा सुगन्धित र सजावट हुने प्रजातिका फूल एवम् सदाबहार बिरुवा र फलफूलका बिरुवा रोपण आदि।

उल्लिखित क्रियाकलाप सञ्चालन गर्दा नियमित अनुगमन गर्ने, होर्डिङ बोर्डको व्यवस्थापन गर्ने जस्ता विषयहरुलाई ध्यान दिनु पर्नेछ। यस्ता सार्वजनिक सम्पत्तिहरु संरक्षणको समेत सुनिश्चितता हुनेगरी सम्बन्धित संस्था वा निकायलाई हस्तान्तरण गर्नुपर्नेछ।

कार्य सम्पन्नपश्चात् प्रगति प्रतिवेदनमा कार्य गर्नुपूर्व र कार्य सम्पन्न पश्चातको फोटो, एलाइनमेण्ट, नक्शा, पदमार्गको सेगमेण्ट अनुसारको लम्बाइ र चौडाइ, रोजगारी सिर्जना र खर्च रकम साथै गरेको कामको छोटो विवरण आदि उल्लेख गर्नुपर्नेछ।

**२७. अन्य पर्यटन पूर्वाधार विकास निर्माण, संरक्षण र कोशेली तयार गर्ने उद्योग स्थापना कार्यक्रमहरु:**

यस कार्यक्रमको मुख्य उद्देश्य पर्यटकीय संभावना रहेका महत्वपूर्ण स्थलहरूको पूर्वाधार विकास गरी पर्यटकहरूको संख्या वृद्धि गर्ने र थप पर्यटकीय गन्तव्यहरूको विकास गर्ने रहेको छ।

उल्लिखित कार्यक्रम सञ्चालन गर्दा लुम्बिनी क्षेत्रको माटो र पानी प्रयोग गरी बुद्धको मूर्ति लगायतका कोशेलीहरु तयार गर्ने उद्योग निर्माण, रुपन्देहीको हकमा पर्यटन, ग्रामीण तथा शहरी विकास मन्त्रालय, राप्ती उपत्यका (देउखुरी), दाङले तयार गरी स्वीकृत गरेको कार्यविधि अनुसार प्रकृया पुरा गरी गरिने र अन्यको हकमा गुरुयोजना वा विस्तृत परियोजना प्रतिवेदन तयार भएको हकमा योजना वा प्रतिवेदनले तोकेको प्राथमिकताका आधारमा सम्बन्धित सरोकारवालाहरुको सहभागितामा क्रियाकलापहरु छनौट गरेर लागत अनुमान तयार गरी कानून बमोजिम बोलपत्र/दरभाउपत्र वा उपभोक्ता समितिमार्फत कार्यान्वयन गर्नुपर्नेछ। गुरुयोजना वा विस्तृत परियोजना प्रतिवेदन तयार नभएको वा क्रियाकलापमात्र तोकेको डिजाइन इष्टिमेट नभएको हकमा स्थानीय सरोकारवालाहरुको समेत सहभागितमा स्थलगत रुपमा अवलोकन गरी गर्नुपर्ने क्रियाकलापहरु पहिचान गर्ने र ती क्रियाकलापहरुको सर्भे, डिजाइन, लागत अनुमान तयार गरी कार्यान्वयन गर्नुपर्नेछ। यी कार्यक्रमहरुमा आवश्यकता अनुसार निम्न क्रियाकलापहरु गर्न सकिनेछ ।



मा. डिल्ली बहादुर चौधरी

प्रदेश सरकार
लुम्बिनी प्रदेश
उद्योग, पर्यटन तथा शहरी विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी) दाङ, नेपाल

क. कार्यक्रमको माग अनुसार पर्यटकीय क्षेत्रको सूचना म्याप, होर्डिङ बोर्ड, पहुँच मार्ग, पदमार्ग मोटरेवल बाटो, जलमार्ग, पार्किङस्थल निर्माण र स्तरोन्नति,

ख. पार्क, बगैचा निर्माण, शौचालय निर्माण र व्यवस्थापन, बिजुली, इन्टरनेटको व्यवस्था,

ग. पिकनिट स्पट, स्वास्थ्य क्लिनिक व्यवस्थापन,

घ. मनोरञ्जन स्थल र स्थानीय मौलिकता बोकेको सम्पदा मठ/मन्दिर/ सत्तल आदिको निर्माण र जिर्णोद्धार,

ङ. आवश्यकता अनुसार अन्य पूर्वाधार निर्माणका कार्यहरु,

च. सँस्कृति संरक्षण र सम्वर्द्धनका लागि आवश्यक पूर्वाधार निर्माण, संस्कृति संरक्षणका लागि आवश्यक सामग्री खरिद तथा हस्तान्तरण कार्यहरु।

